
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १९ गते बुधबार ❑ 4 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## चीनले नेपाललाई नौ अर्ब अनुदान सहयोग गर्ने

**रासस**
काठमाडौं, १८ मंसिर

चीन सरकारले नेपाललाई पाँच सय मिलियन आरएमबी अर्थात् करिब रू नौ अर्ब अनुदान सहयोग गर्ने घोषणा गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली र चीनका राष्ट्रपति सी चिनफिङबीच मंगलबार भएको भेटवार्तामा राष्ट्रपति सीले नेपाललाई पाँच सय मिलियन आरएमबी अनुदान दिने घोषणा गर्नुभएको हो । परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले प्रधानमन्त्री ओली र राष्ट्रपति सीबीच अत्यन्त सौहार्दपूर्णरूपमा भएको भेटवार्तामा द्विपक्षीय सम्बन्ध र हितका विविध विषयमा विस्तृत छलफल भएको जानकारी दिनुभयो । सहसचिव ढकालका अनुसार नेपाल र चीन पुराना र असल छिमेकी तथा मित्रराष्ट्र भएको उल्लेख गर्दै राष्ट्रपति सीले दुई देशबीचको सम्बन्ध आपसी सद्भाव, सम्मान र



सहयोगमा आधारित रहेको बताउनुभयो । उहाँले नेपालको विकास र समृद्धिमा चीनको दरिलो साथ र सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

राष्ट्रपति सीले नेपाली वस्तु चिनियाँ बजारमा आयात गर्न र चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि प्रोत्साहन गर्न तयार रहेको बताउनुभयो । सो अवसरमा प्रधानमन्त्री ओलीले चीन र नेपालको सम्बन्ध पञ्चशीलको सिद्धान्तमा आधारित रहेको बताउँदै आपसी सम्बन्धको मूल आधार सार्वभौमिक समानता र आपसी समझदारी एवं विश्वास भएको स्पष्ट पार्नुभयो । दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औं वर्षको अवसरमा सन् २०२५ मा नेपाल भ्रमण गर्न प्रधानमन्त्री ओलीले राष्ट्रपति सीलाई निमन्त्रणा दिनुभयो । जवाफमा राष्ट्रपति सीले नेपाल भ्रमण आमन्त्रणको लागि धन्यवाद व्यक्त गर्दै उपयुक्त समयमा नेपाल भ्रमण गर्ने बताउनुभयो । भेटमा प्रधानमन्त्री ओलीले छोटो अवधिमा चीनले गरेको तीव्रतर विकास र गरिबी निवारणको क्षेत्रमा हासिल गरेको सफलताको प्रशंसा गर्नुभएको थियो । साथै 'वर्तमान सरकार, समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकांक्षासहित आर्थिक विकास र रूपान्तरणमा केन्द्रित रहेको बताउँदै उहाँले आर्थिक विकासका क्षेत्रमा मित्रराष्ट्र चीनसँग नेपालले थप सहयोग र साझेदारी गर्न चाहेको जानकारी गराउनुभयो । प्रधानमन्त्री ओली र चीनको राष्ट्रिय जनकांग्रेस स्थायी समितिका अध्यक्ष ली झान्सुबीच पनि आजै भेटवार्ता भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । सो भेटमा उहाँहरूबीच संसदीय अभ्यासका अनुभव आदानप्रदानका विषयमा छलफल भएको थियो ।

## पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीमा फास्ट चार्जर हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीको प्रधान कार्यालय पोखरा (फिर्के) मा फास्ट चार्जर जडान हुने भएको छ। पछिल्लो समयमा कम्पनीले विद्युतीय गाडी संचालन गदै आएसंगै अबको एक साता भित्र फाष्ट चार्जर जडान गर्ने भएको कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले बताउनु भयो ।

उक्त कम्पनीमा करिब १ हजार ३ सय ९७ वटा सवारी साधनहरु रहेकोमा अब बिस्तारै बिद्युतीय गाडीहरु राख्न लागेकोले फाष्ट चार्जर स्टेशन सचालन गर्न लागेको उहाँले जनाउनु भयो । एकै पटकमा दुई वटा सवारी साधनमा चार्जर गर्न मिल्ने गरी चाजिङ स्टेशनको व्यबस्थापन गर्न लागेको अध्यक्ष केसीले जनाउनु भयो । हाल आफुहरुसंग पोखरा काठमाण्डौं, पोखरा बागलुङ, पोखरा भरतपुर, पोखरा लुम्बिनी लगायतका रुटमा बिद्युतीय गाडीका सवारी साधनहरु संचालन गर्न सुरु गरेको उहाँले जनाउनु भयो । उहाँका अनुसार हाल करिब ६० वटा बिद्युतीय गाडी कम्पनी मार्फत संचालन भएका छन्। कम्पनीले अब बिद्युतीय गाडीमै विस्तारै रुपान्तरण गर्ने योजना रहेको अध्यक्ष केसीले जनाए ।

यसैबिच, सिजी मोटर्स प्रालि र प्रालि अन्तर्गतको डिलर




टिटि ग्लोबल प्रालिले आज( मंगलबार) एक समारोहका बिच चार्जिङ कम्पनीलाई हस्तान्तरण गरेको हो । सिजी मोटर्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त अग्रवालले मंगलबार आयोजित एक कार्यक्रमका बीच पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्रबहादुर केसीलाई उक्त चार्जर हस्तान्तरण गर्नु भएको हो । चार्जिङ स्टेसन विस्तार भएपछि विद्युतीय गाडी चार्ज गर्नका लागि यातायात व्यवसायीलाई सहज हुने अध्यक्ष केसीले जनाउनु भयो । सिजि मोटर्सले देशभर २ सय भन्दा बढी स्थानमा एक बर्ष भित्र फास्ट चार्जिङ स्टेसन स्थापना गर्ने योजना बनाएको प्रालिका प्रमुख कार्यकारी अधिकृत अग्रवालले बताउनु भयो ।

टिटि ग्लोबलले केवाइसी, किङलङ, नेटा, रिडारा र अभतारको बिक्री वितरण गर्दै आइरहेको छ । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष केसीले विद्युतीय गाडीमा आकर्षण बढिरहेकाले चार्जिङ स्टेसनको पूर्वाधार विकास हुनुपर्ने बताउनु भयो ।

चार्जिङ स्टेसन तथा अन्य पूर्वाधार विकासमा सिजी मोटर्स र टिटी ग्लोबल प्रतिबद्ध रहेको टिटी ग्लोबलका निर्देशक प्रमेश पराजुलीले बताउनु भयो । टिटि ग्लोबरले पोखराको नयाँबजार, अर्चलवोटमा यस अघि ३ ठाँउमा चाजिङ स्टेशन राखेको छ । न्यूनतम २० प्रतिशत चार्ज भएका गाडीहरुमा ३० मिनेटमै १०० प्रतिशत चार्ज हुने चार्जर मेसिन आफुहरुले पोखरामा भित्राएको निर्देशक पराजुलीले जनाउनु भयो ।

वातावरण मैत्री तथा नेपालको पेट्रोलिय पदार्थको कम खपत गर्न बिद्युतीय सवारी साधनलाई प्रथामिकता दिन उहाँले आग्रह गर्नु भयो । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका प्रवन्ध निर्देशक ज्ञानबहादुर केसीले कम्पनीले समय अनुसारको सेवा विस्तार गर्दै जाने बताउनु भयो ।

## 'संघीय निजामती सेवा ऐन नआउनु दुःखद्'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पोखरामा मङ्गलबारदेखि सुरू भएकोप्रदेशलोकसेवाआयोगहरूको चौँथो सम्मेलनका वक्ताहरूले अहिलेसम्म सङ्घीय निजामती ऐन नबन्नु दुःखद् विषय भएको बताउनुभएको छ । मुलुक सङ्घीय संरचनामा गएको एक दशक बित्न लाग्दासमेत निजामती सेवा सञ्चालनसम्बन्धी ऐन आउन नसकेकामा उहाँहरूले दुःखेसो पोख्नुभएको हो ।

लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले सङ्घीय निजामती सेवा ऐन नबन्दा सोसम्बन्धी प्रदेश तथा स्थानीय कानुन निर्माणमा जटिलता थपिएको बताउनुभयो । सङ्घीय ऐनका अभावमा कर्मचारीको सिफारिस, पदपूर्ति, बढुवालगायतका विषयमा समस्या भइरहेको




बताउनुभयो । "अहिलेसम्म सङ्घीय निजामती सेवा ऐन बन्न सकेको छैन, यो दुःखद् विषय हो", उहाँले भन्नुभयो, "ऐन छिटो बन्नुपर्नेमा आयोगले पटकपटक सरकारलाई रायपरामर्श दिँदै आएको छ ।" सङ्घीय कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आत्मसाथ गरेर प्रदेश सरकार र स्थानीय तहले निजामती सेवा सञ्चालनसम्बन्धी कानुन बनाउनुपर्नेमा त्यसो हुन नसकेको अध्यक्ष रेग्मीले बताउनुभयो । मुलुकको सार्वजनिक सेवा प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन ल्याउनुपर्ने उहाँको भनाइ छ । अध्यक्ष रेग्मीले योग्यता प्रणालीका आधारमा कर्मचारी छनोट र नियुक्त हुनुपर्ने भन्दै कुनै पनि तहका सरकारले आन्तरिक प्रतिस्पर्धा, स्वत स्थायी, तह वृद्धिजस्ता कामलाई निरूत्साहित गर्नुपर्ने बताउनुभयो । "प्रदेश सरकार र स्थानीय तहले पनि कर्मचारीको बढुवा र स्तरवृद्धि गर्दा कानुनअनुसार गर्नुपर्छ", उहाँले भन्नुभयो, "योग्यता प्रणालीका आधारमा खुला प्रतिस्पर्धाबाट मात्र कर्मचारी छनोट हुनुपर्छ ।" प्रदेश लोकसेवा आयोग, गण्डकीका अध्यक्ष विष्णुप्रसाद नेपालले पनि जतिसक्दो छिटो सङ्घीय निजामती सेवा ऐन ल्याउन सङ्घ सरकारसँग आग्रह गर्नुभयो । उहाँले प्रदेश लोकसेवा आयोग गठन भएपछि हालसम्म झण्डै तीन हजार कर्मचारी सिफारिस गरिएको बताउनुभयो । बढुवातर्फका चार सय ९९ कर्मचारीलाई सिफारिस गरिएको उहाँको भनाइ छ । योग्यता प्रणालीका आधारमा उम्मेदवार छनोट तथा सिफारिस गर्ने गरिएको अध्यक्ष नेपालले बताउनुभयो । बुधबारसम्म चल्ने सम्मेनलमा सातवटै प्रदेशका प्रदेश लोकसेवा आयोगका अध्यक्षलगायतको सहभागिता रहेको छ । सम्मेलनमा प्रदेश लोकसेवाका आयोगहरूबीच असल अभ्यास र अनुभवको आदानप्रदानसहित आयोगको कामकारबाहीलाई थप चुस्त व्यवस्थित बनाउने विषयमा छलफल हुने जनाइएको छ ।

## अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनिः

◆अपमान गर्ने,

◆होच्याउने,

◆दुर्व्यवहार गर्ने,

◆सेवा सुविधाबाट अलग्याउने,

लगायतका कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं, अपाङ्ता भएका व्यक्तिको सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सय दिने तयारीमा कास्की काँग्रेस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

नेपाली काँग्रेस कास्कीले कास्कीमा पार्टीको एक सय दिने अभियान शुरु गर्नका लागि आवश्यक तयारी शुरु गरेको छ ।

तयारी स्वरुप कास्की काँग्रेसले मंगलबार जिल्ला कार्यसमिति, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्र, प्रदेश, महानगर पालिका र गाउँ पालिका सभापतिहरुको संयुक्त बैठक गरेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । अभियानका कास्की जिल्ला प्रतिनिधि एवं केन्द्रीय सदस्य गोविन्द भट्टराईको विशेष उपस्थितिमा बैठक गरी अभियानलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल गरिएको थियो । जनतासँग नजिक हुने, समस्या बुझ्ने, समस्या समाधानका लागि पहल गर्ने र पार्टीलाई शशक्त बनाउनका लागि अभियान महत्वपूर्ण हुने केन्द्रीय सदस्य भट्टराईको भनाइ छ । कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले बैठकबाट प्राप्त सुझावहरुलाई समेटेर अभियानलाई जनताको घरदैलो सम्म पुर्‍याइने बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शिक्षक सरुवामा बल्ल निर्देशिका खोज्दै वालिङ

**श्रीकृष्ण सिग्देल**
वालिङ, १८ मंसिर

शिक्षक सरुवाको बिषयमा विवादमा परेको वालिङ नगरपालिकाले बल्ल शिक्षक सरुवा निर्देशिका अनुसार काम गर्न थालेको छ।

मिडियाले कानुन विपरीत शिक्षक सरुवा भन्ने शिर्षकमा समाचार प्रकाशित गरेपछि वालिङ नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार काम गर्न थालेको हो । यसअघि पहुँचका आधारमा शिक्षक सरुवा गर्ने र पहुँचका आधारमा शिक्षक नियुक्ति गर्ने प्रचलन वालिङ नगरपालिकामा रहेको थियो । शिक्षक सरुवा निर्देशिका वालिङ नगरपालिकाले अवलम्वन गर्न थालेपछि पहुँच नभएका शिक्षकका लागि यो विधि र प्रक्रियाले फाइदा पुगेको छ।

गत असोजमा वालिङ नगर शिक्षा समितिले विधि र कानुन विपरीत यहाँको रणविर जनहित मावि र महेन्द्र माविका दुई शिक्षकको दरवन्दी मिलानको नाममा सरुवा गरेको थियो । कानुन मिचेर सरुवा गरिएको भन्दै रणविर जनहित माध्यमिक विद्यालयका बहुमत विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले सरुवा बदर गर्न नगरपालिकामा निवेदन दिएका थिए । अभिभावकको अनुरोधलाई नगरपालिकाले सुनुवाई नगरेपछि न्याय माग्दै अभिभावकहरु उच्च अदालतको ढोकामा पुग्न बाध्य भएका थिए।

शिक्षक सरुवाको बिषय न्यायलयमा पुगेपछि बल्ल वालिङ नगरपालिकाको शिक्षा शाखाले शिक्षक सरुवा निर्देशिकाको पूर्ण रुपमा अवलम्बन गर्न थालेको देखिन्छ। अहिले वालिङ नगरपालिकाको वेभसाइड र फेसबुक पेजमा रिक्त पदमा स्थायी शिक्षक सम्वन्धी सरुवा पत्र देखिन थालेका छन् । यो शिक्षक सरुवा सम्वन्धी पत्र देखिनुले नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अवलम्वन गर्न थालेछ भनेर प्रष्ट भन्न सकिने शिक्षा विकास तथा समन्वय इकाई स्याङ्जाका प्रमुख विश्वराज आचार्यले बताए । अहिले वालिङ्मा धमाधम शिक्षक सरुवाका नोटिसहरु आइरहेका छन् शिक्षा समन्वय अधिकारी आचार्यले भने, 'शिक्षक सरुवा प्रणालीमा विश्वासयोग्य काम भएको छ।' यो विधि र प्रक्रिया अबलम्वन गर्दा कुनै शिक्षकले सरुवाका लागि कसैको ढोका कुर्नुपर्दैन र न्यायोचित तवरबाट कार्यसम्पादन हुनेछ, आचार्यले भने । शिक्षक सरुवा निर्देशिका अनुसार चल्ने हो भने कुनै शिक्षकले सरुवामा दुख नपाउने आचार्यको भनाई छ । वालिङ नगरपालिकाले शिक्षक सरुवाको विवाद न्यायलयमा पुगेपछि पहिलो पटक कार्तिक २५ गते वालिङ ९ भुम्रे माविका लागि रिक्त रहेको प्राथमिक तहको स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना प्रकाशित गरेको थियो।

डेढ महिनाको अवधीमा वालिङमा रिक्त रहेका ४ शिक्षकको बिषयमा क्रमश नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार सूचना प्रकाशन गरेको देखिन्छ। जसमा मंसिर ६ गते वालिङ १३ को सरस्वती माविका लागि निमावि तहको स्थायी विज्ञान शिक्षक, मंसिर ९ गते वालिङ ७ गुहेश्वरी आधारभुत विद्यालयका लागि प्रावि स्थायी शिक्षक र मंसिर ११ गते वालिङ ७ कै बालतपस आधारभुत विद्यालयका लागि प्रावि स्थायी शिक्षक सरुवाका लागि सूचना प्रकाशन गरेको छ।

धमाधम शिक्षक सरुवा सम्वन्धी सूचना सार्वजनिक गर्न थालेपछि वालिङ नगरपालिका अब कानुनको बाटोमा जान लागेको प्रष्ट भएको छ।

शिक्षक सरुवाको विवाद न्यायलयमा नपुगेको भए विद्यालय र नगरपालिका मिलेर करारमा शिक्षक नियुक्ति गर्न सक्ने थिए । बाहिरी जिल्ला वा अन्य पालिकामा सेवा दिदै आएका वालिङवासी शिक्षकले नगरभित्र आउने मौका पाउने थिएनन् । अब शिक्षक सरुवा निर्देशिका बमोजिम काम गर्न थालेपछि त्यस्ता शिक्षकहरुलाई यो प्रणालीले फाइदा पुग्ने देखिन्छ । यस्ता गृहकार्यले आफुलाई शिक्षकका नेता भन्नेहरु पनि नियमानुसार काम गर्न बाध्य हुनेछन् । शिक्षकका नेताकै कारण पहुँच नपुगेका धेरै शिक्षकहरु आफ्नै जिल्ला र आफ्नै पालिकामा आउन बन्चित भएका थिए। शिक्षकहरु सरुवामा कसैको ढोका ढकढक्याउन र चाकडी गर्न नपरोस भनेर नेपाल सरकारको शिक्षा मन्त्रालयले शिक्षक सरुवा निर्देशिका बनाएको छ। उक्त निर्देशिकाले अत्यन्तै सजिलो बाटो हुनेगरी सरुवाको नियम बनाइदिएको छ । तर कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीहरु नै शिक्षकका नेताहरुको छायाँमा पर्दा पहुँच नपुगेका शिक्षकहरु सरुवा हुनबाट बन्चित हुदै आएका छन् । यो प्रणालीलाई लागु गर्दा वालिङ नगरपालिका भन्दा बाहिर रहेका शिक्षकहरुले आफ्नै घरदैलोमा काम गर्ने अवसर पाउने वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताए। कानुन अनुसार सबैले काम गर्ने हो भने कसैले दुख नपाउने उनले बताए। जिल्लाका ११ ओटा पालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार काम नगरि कहिलेकाही बेइमानी गर्दै आएको देखिएको छ।

# पोखरामा मनाइयो अन्तर्राष्ट्रिय अपाङ्गता दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



'समावेशी र दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरुको प्रवल नेतृत्व यसको आधार' भन्ने नारासहित यस वर्षको अपांगता दिवस मनाइएको छ । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुको ३३ औं अन्तर्राष्ट्रिय दिवस पोखरामा र्‍यालीसहित कार्यक्रम गरी मनाइएको छ।

दिवसको अवसरमा पोखराको चिप्लेढुंङ्गाको मानव अधिकारचोकाबाट सुरु भएको र्‍याली न्यूरोड हुदैँ सभागृहमा पुगेर कार्यक्रममा परिणत भएको थियो। र्‍यालीमा पोखरामा अपांगताको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि र अपांगता भएका व्यक्तिहरुको सहभागिता थियो । र्‍यालीपछि आयोजित कार्यक्रममा पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले महानगरले निर्माण गर्ने पूर्वाधारहरु अपांगमैत्री बनिरहेको बताउनु भएको छ। महानगर अर्न्तगतका कार्यलयहरु निर्माण भएका भवनहरु अपांगमैत्री बनेका छन् तर ब्यत्तिगत घरमा लागु गर्न कठिन रहेको बताउदै छलफल गरेर अगाडी बढने बताउनुभयो । विगतका वर्षदेखि महानगरले निर्माण गर्ने सबै संरचना अपांगमैत्री बनिरहेको बताउनुभयो । उहाँले दिवसले अपांगताका क्षेत्रमा भएका समस्या पहिचान गरी र समाधान गर्नेतर्फ ध्यान केन्द्रीत गर्न भुमिका खेलेको बताउनुभयो । कार्यक्रम गर्दा यस क्षेत्रसंग सम्बन्धित संघसस्थासंग समन्वय गरेका छौ कमीमजोरी भए सच्याएर जानसक्छौ र अपांगता भएका समुदायलाई बाहिर राखेर गरिने विकास पूर्ण हुन नसक्ने उपप्रमुख गुरुङले बताउनुभयो।

उपप्रमुख गुरुङले अपांगता भएकाहरुलाई हेर्ने व्यवहार, सोच र दृष्टिकोण परिर्वतन हुनुपर्नेमा जोड दिनुभयो। उहाँले समाजले अपांगता भएका व्यक्तिलाई गर्ने ब्यवहारले धेरै प्रभाव पार्ने उल्लेख गर्नुभयो। उपप्रमुख गुरुङले महानगरले अपांगता भएका व्यक्तिहरुका लागि ऐन, कानुन निर्माण गरेको र बजेटको समेत व्यवस्था गरेको बताउदै केही कमीकमजोरी भए यस क्षेत्रमा काम गर्ने संघसंस्था र व्यक्तिहरुको सुझावका आधारमा परिमार्जन गरेर जान सकिने बताउनुभयो। कार्यक्रममा पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाका निर्देशक निर्मला शर्मा, कोपिला नेपालका अध्यक्ष विना सिलवाल, लोचना अधिकारी, अन्जना केसी, विष्णु सिग्देल, श्रीकान्त सापकोटा, दृष्टिविहिनहरुको तर्फबाट गिरिधारी सुवेदी, बहिराहरुको तर्फबाट सुनिता थापा, श्रवणदृष्टिविहिनको तर्फबाट पुष्पराज रिमाल, बौद्धिक अपांगताको तर्फबाट रामनारायण श्रेष्ठ, बहुअपांगताको तर्फबाट सान्त्वना के.सी, अटिजम केयर सोसाइटीका अध्यक्ष मुकुन्द लम्साल, मनोसामाजिक अपांगताको तर्फबाट अर्जुन सुनार लगायतले अपांगता क्षेत्रमा भएका समस्याका बारेमा बोलेका थिए। कार्यक्रम पोखरा महानगरपालिका अपांगता भएकाको सञ्जालका अध्यक्ष गंगाबहादुर खड्काको अध्यक्षतामा भएको थियो।

# नेपाली काँग्रेसका योद्धा काँग्रेस बुढा दिल बहादुर गरुङको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



नेपाली काँग्रेसका योद्धा एवं प्रजातन्त्र सेनानी काँग्रेस बुढा दिल बहादुर गरुङको आज बिहान १०२ बर्षको उमेरमा निधन भएको छ।

नेपाली काँग्रेसका केन्द्रिय सदस्य एवं संविधान सभा सदस्य अर्जुनप्रसाद जोशीले गरुङको पार्थिव शरीरमा आज पोखराको रामघाटस्थित बौद्ध अर्घौसदनमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

श्राद्धञ्जली अपर्ण गर्दै काँग्रेस नेता जोशीले शताव्दी पुरुष स्व.गुरुङ नेपाली काँग्रेसको मात्र नभई सबै पार्टी र समुदायको साझा नेताका रुपमा रहनुभएको स्मरण गर्नुभयो। नेपाली काँग्रेस पार्टीका सभापति शेरबहादुर देउवाले नेपाली काँग्रेसको ज्येष्ठ राजनीतिज्ञ सभासदस्य समेत रहनुभएका स्व.गुरुङको निधन प्रति दुख व्यक्त गर्दै जारी गर्नुभएको शोक विज्ञप्ति नेता जोशीले पढेर सुनाउनुभएको थियो।

पर्वत जिल्ला साविक आर्थरडाँडा घर भई हाल पोखरा महानगरपालिका शिवालयचोक बस्दै आउनुभएका स्व.गुरुङ नेपालको प्रजातान्त्रिक आन्दोलनका अगुवा नेता एवं काँग्रेस बुढाका नाममा प्रख्यात हुनुहुन्थ्यो । उहाँ तत्कालीन समयमा गाउँ पञ्चायतको संरचना सुरु भएपछि पाँच पटकसम्म वडा अध्यक्ष भएर काम गर्नुभयो भने तत्कालीन स्याङ्जा जिल्ला पञ्चायतको सदस्य समेत रहेर काम गर्नुभएको थियो। २०३२ सालपछि सो गाउँ पर्वत जिल्लामा समाहित भएको थियो भने अहिले कुश्मा नगरपालिका वडा नं १४ मा पर्दछ। स्व.गुरुङ नेपाली काँग्रेस पर्वत जिल्ला आर्थरडाँडाखर्कको संस्थापक एवं नेपाली काँग्रेस पर्वतको सदस्य भएर काम गर्नुभएको थियो। राजनीति रुपमा चेतना भएमात्र हरेक क्षेत्रको बिकास गर्न सकिन्छ र विभिन्न जातजातिको अधिकार स्थापित गर्न सकिन्छ भन्ने मान्यताका साथ राजनीतिमा लाग्नुभएका गुरुङ बौद्धिक एवं राजनीतिक विचारकका रुपमा चिनिनुभएको कुश्मा नगरपालिका वडा नं १४ का वडाअध्यक्ष रुद्रमोहन रिमालले बताउनुभयो । स्व.गुरुङले पञ्चकोशी मा.वि लगायत अन्य प्रा.वि विद्यालयको संस्थापक भएर गाउँमा शिक्षाको ज्योति फैलाउन योगदान पुर्‍याउनुभएको थियो । उहाँको एक श्रीमति, ३ छोरा, ३ बुहारी, ६ छोरी, ९ नाति, ११ नातिनी, ६ पनाती, र ३ पनातिनी हुनुहुन्छ। जेठो छोरा सु.इन्द्र बहादुर गुरुङ, माईला छोरा यम बहादुर गुरुङ र कान्छा छोरा शेर बहादुर गुरुङ हुनुहुन्छ।

कान्छा छोरा शेर बहादुरले एस.के साउण्ड एण्ड भिजनको नामबाट पोखरामा व्यवसाय गरिरहनुभएको छ । शताव्दी पुरुष स्व.गुरुङको शवयात्रामा पञ्चकोशी समाज, आर्थरडाँडाखर्क, विभिन्न तमु समाज, पोखरामा बसोबास गर्ने पर्वतबासी, काँग्रेस पर्वतका नेता, कास्की काँग्रेसका नेता तथा अन्य राजनीतिक पार्टीका नेता कार्यकर्ता, छिमेकी र आफन्तजनहरुको बाक्लो सहभागिता रहेको थियो।

# शाही हेल्थको मादीमा निःशुल्क शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर



पोखरा महानगरपालिका वडा नं १३ स्थित शाही हेल्थ क्लिनिक द्धारा मादी -२ ताङतिङमा निःशुल्क शिविर हालै सम्पन्न भयो।

शाही हेल्थ क्लिनिक एण्ड प्थोलोजी सर्भिसको प्राविधिक सहयोगमा सम्पन्न भएको हो। शिविरमा १ सय भन्दा वढि सहभागिता रहेको थियो । कार्यक्रममा निःशुल्क सगुर जाँच, मृगौला पिसाव सम्बन्धी जाँच भएको शाही हेल्थ क्लिनिकका प्रविधिक सन्दिप पोखेलले पोखरापत्रलाई वताए।

क्लिनिकले औषधी विक्री वितरण मात्र नगरी सामाजिक उत्तर दायित्व अन्तर्गत निःशुल्क शिविर संचालन गरिएको शाही हेल्थ क्लिनिकका संचालका उमेश शाहीले पोखरापत्रलाई जानकारी दिए।

# 'कांग्रेस समावेशी लोकतन्त्रको पक्ष छ'

**रासस**
काठमाडौं, १८ मंसिर

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस सधैं समता, न्याय र समावेशी लोकतन्त्रको पक्षमा वकालत गर्दै आएको उल्लेख गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको ३३औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा आज शुभकामना व्यक्त गर्दै उहाँले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गर्दै उहाँहरूको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई अझ व्यापक बनाउन कांग्रेस सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ।

सभापति देउवाले दिवसका अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू, उहाँका परिवार तथा यस अभियानमा संलग्न सबैप्रति शुभकामना व्यक्त गर्नुभएको छ। 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरूको प्रवल नेतृत्व यसको आधार' भन्ने यस वर्षको नाराले समावेशी समाज निर्माणमा अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्वलाई थप सशक्त र प्रेरणादायी बनाउने उहाँले उल्लेख गर्नुभएको छ।

सभापति देउवाले समावेशी विकासको प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको योगदानलाई सम्मान गर्दै उहाँहरूका लागि समान अवसर, पहुँच र सम्मानजनक जीवनयापनको सुनिश्चितता हाम्रो साझा दायित्व भएको बताउनुभएको छ । "अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारका धारकको रूपमा स्वीकार गर्दै उनीहरूको क्षमता र सक्षमतामा भरपूर विश्वास राख्नुपर्छ", सभापति देउवाले भन्नुभएको छ, "यस अवसरमा, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन, उहाँहरूको जीवनस्तर सुधार, शिक्षा, रोजगारी र स्वास्थ्य सेवामा समान पहुँचका लागि सबै तहका सरकार, नागरिक समाज र सरोकारवाला बीच एकता र सहकार्यको खाँचो छ।" उहाँले कांग्रेसले अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि आवश्यक कानुनी, सामाजिक र संरचनागत सुधारमा निरन्तर योगदान गर्दै आइरहेको जनाउँदै आगामी दिनमा पनि यस्ता पहललाई थप प्रभावकारी बनाउने उल्लेख गर्नुभएको छ। अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व र समावेशीतालाई समाजको मुख्य प्रवाहमा समेट्दै दिगो र समतामूलक विकासका लागि सहकार्य गर्न कांग्रेस सबैसँग आग्रह गर्ने उहाँको भनाइ छ।

# माओवादी केन्द्रप्रति जनताको आकर्षण रहेको उपनिर्वाचनले प्रमाणित गरेहो छ : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ मंसिर



नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले उपनिर्वाचनको परिणामले पार्टीमा जनताको आकर्षण रहेको प्रमाणित गरेको बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) शुक्लागण्डकी नगर कमिटीको मंगलबार दुलेगौडामा आयोजित नगरसम्मेलनको उद्घाटन गर्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले माओवादी सकियो भन्ने गलत भाष्य निर्माण गर्न खोजिएकामा उपनिर्वाचनको परिणामले त्यसलाई गलत सावित गरिदिएको बताउनुभयो। उहाँले भन्नुभयो, "जनताको आशा र भरोसा माओवादी केन्द्रप्रति छ भन्ने पुष्टि भएको छ, माओवादी केन्द्र झनै बलियो भएर आएको छ।" वरिष्ठ उपाध्यक्ष श्रेष्ठले पार्टी अब नयाँ ढङ्गबाट अगाडि बढ्ने उल्लेख गर्दै आफूले जनताको साथ र भरोसालाई मर्न नदिने उल्लेख गर्नुभयो । माओवादी केन्द्र सरकार ढाल्ने र बनाउने खेलमा नरहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य आशा कोइरालाले पार्टीप्रति जनताको भरोसालाई कायम राखेर अगाडि बढ्नुपर्ने बताउनुभयो । सम्मेलनले नगर कमिटीको नयाँ नेतृत्व चयन गर्ने अध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# उपनिर्वाचनले दिएको पाठ

स्थानीय तहको उपचुनावको नतिजा आइसकेको छ । उपचुनावमा ठूला तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको मताधार धेरथोर अदलबदल भए पनि उनीहरू नै मुख्य शक्ति हुन् भन्ने तथ्य पुनस्थापित भएको छ। यसअघि रिक्त ४१ मध्ये कांग्रेसले २४ ठाउँ जिते पनि मोरङको ग्रामथान, दैलेखको महाबुजस्ता उल्लेख्य पालिका गुमेको छ । बाजुरा र दोलखा गाउँपालिका उपाध्यक्ष र जाजरकोट नलगाड नगरपालिका उपमेयर गुमाएको छ। एमालेतर्फ पनि पहिले जितेका वडा जोगाउन सकेको छैन। जहाँनेर कांग्रेस र एमालेको विजय भएको छ, मतको रुझान हेर्दा उनीहरूलाई मतदाताले उत्साहका साथ मतदान गरेको भने देखिंदैन । कांग्रेस र एमालेले आफ्नो भागमा ठूलो जनमत रहेको भन्दै सत्ता साझेदारी गरे पनि मतदाताले उल्लेख्य रूपमा त्यसतर्फ भर गरेको नतिजाबाट देखिएन।

रास्वपालगायत नयाँ दलहरूले दुई वर्षअघि जगाएको उत्साह राम्रैसँग ओरालो लागेको देखिन्छ, तर त्यो मतलाई पुराना दलहरूले आफूतिर फर्काउन भने सफल भएको देखिँदैन । सभापति रवि लामिछाने शृंखलाबद्ध विवाद र अभियोगमा फस्दै जाँदा रास्वपाको सार्वजनिक साखलाई असर परेको उपचुनावले देखायो । राष्ट्रिय राजनीतिक महत्वाकांक्षा बोकेर कहिले इलाम, कहिले काठमाडौं कुदिरहेका धरानका मेयर हर्क साम्पाङको 'हर्कबढाइँ' मा गत वैशाख र यो मंसिरका दुवै उपचुनावले ब्रेक लगाएको दृष्टान्त भेट्न सकिन्छ। राप्रपा लगायत पुरातन शक्तितर्फ मतदाताको झुकाव अत्यधिक घट्दो क्रममा रहेको पनि परिणामबाट बुझ्न सकिन्छ। कांग्रेस, एमाले र माओवादीको शृंखलाबद्ध असफलतालाई आफू र राजातर्फ खिच्न सकिने ठानेर सक्रिय ती शक्तिले कतै पनि आफूलाई स्थापित गर्न सकेको देखिएन। नेमकिपा, जसपाका एकाध सिटले उपचुनावको मूल प्रवृत्तिलाई फरक पार्न सकेको देखिएन। जनमत पार्टीको हकमा पनि त्यस्तै भएको छ।

'जनताले परम्परागत दलहरूको विकल्प भेटिसकेका छैनन् भन्ने उपचुनावबाट स्पष्ट भयो, तर मतदाता चलायमान भइरहेका छन् भन्ने स्पष्ट संकेत छ' । कुनै पनि दलले यो नतिजाबाट आफू सुरक्षित छु भनेर ढुक्क नभए हुन्छ ।' दुई वर्षअघिको जनमत कहीं उल्टोपाल्टो, कहीं साटफेर भएको देख्न सकिन्छ। त्यस बेला गठबन्धन गरेर लडेका कांग्रेस र माओवादी यसपल्ट अलग हुनुको असर थोरैमात्र छ, बरु माओवादीले त्यसलाई आफ्नो पक्षमा ल्याएको देख्न सकिन्छ । काङ्ग्रेसले कम्युनिस्ट पार्टीलाई मिल्न नदिदा त्यसको फाइदा लिएको छ ।किर्तिपुर नगरपालिका मत परिणामले देखाउँछ ।नेकपा एसले जित्न नसकेपनि एमालेलाई हराउन सक्छ भन्ने यथार्थ दुवै दलका नेतृत्वलाई बुझ्न बाध्य पारेको छ। नयाँ दललाई काठमाडौंको भरले मात्र जनताले पत्याउँदैनन भन्ने पाठ सिकाएको छासंगठन विना ठूला र पुराना दललाई विस्थापित गर्न सकिदैन भन्ने राम्रो शिक्षा दिएको छापुराना दलले जनभावना बुझेर उमेदवार बनाउन र नेतृत्व सुधारिन ठूलो पाठ यो निर्वाचनले दिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मराङमा झोलुङ्गो पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ मंसिर

धवलागिरि गाउँपालिका-६ मराङमा तीन सय ६५ मिटर लामो झोलुङ्गे पुल निर्माण सुरु भएको छ।

सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना कास्की पोखराले मराङखोलामाथि घाइरीबोट र खाउरीबाङ जोड्ने पुल निर्माण सुरु गरेको हो। अठार महिनामा पुल निर्माण सम्पन्न गर्ने लक्ष्यसहित गत असारमा सम्पन्न गर्नेगरी निर्माण कम्पनीले रु दुई करोड ५० लाखमा ठेक्का सम्झौता गरेको थियो । धवलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले ठेकेदार कम्पनीले पुलको दुईतर्फ फाउण्डेशन तयार पार्ने काम थालेको जानकारी दिनुभयो । यस पुलबाट धवलागिरि गाउँपालिका-६ का साथै वडा नं ५ मल्कवाङ र मालिका गाउँपालिका-७ बिमका बासिन्दा लाभान्वित हुने उहाँले बताउनुभयो । मराङमा रहेको वडा कार्यालय, स्वास्थ्य चौकी र जनविकास माविमा पुग्नका लागि अर्बाङ, घण्टीवाङका बासिन्दालाई यात्राअवधि छोटिनेछ । हाल अर्वाङ, घण्टीवाङ, रिखका बासिन्दालाई मराङबैंसीमा झरेर वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक विद्यालय भएको ठाउँमा पुग्न करिब एक घण्टा पैदलयात्रा गर्नुपर्छ । पुल बनेपछि एक घण्टाको यात्राअवधि १५ मिनेटमा छोटिने अपेक्षा गरिएको छ । यसअघि म्याग्दीमा तीन सय मिटरभन्दा लामा चारवटा झोलुङ्गे पुल निर्माण भएको थियो। रघुगङ्गा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा तीन सय ६५ दशमलव ८० मिटर, मालिका गाउँपालिका-७ बिमवाङ र धवलागिरि-६ रिख जोड्ने तीन सय ५० मिटर र बेनी-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने तीन सय ८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने तीन सय ४४ मिटर लामो पुल निर्माण भइसकेका छन्।

# पर्वतमा खानेपानी विस्तारका लागि एक सय नौ योजना

**पोखरापत्र संवाददाता**
पर्वत, १८ मंसिर

नागरिकलाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने उद्देश्यले पर्वतमा चालु आर्थिक वर्षमा एक सय नौ वटा योजना सञ्चालन हुने भएका छन्। जिल्लाका दुई नगरपालिका र पाँच गाउँपालिकामा सङ्घीय र गण्डकी प्रदेश सरकारका गरी एक सय नौ योजना सञ्चालन हुने भएका हुन्।

सङ्घीय सरकारअन्तर्गत ३४ र गण्डकी प्रदेशअन्तर्गत ७५ वटा योजनामा बजेट विनियोजन भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ।

गण्डकी प्रदेशअन्तर्गत कुश्मा नगरपालिकामा २६, फलेबास नगरपालिकामा १९, जलजला गाउँपालिकामा १०, पैंयु गाउँपालिकामा नौ, मोदी गाउँपालिकामा चार, महाशिला गाउँपालिकामा चार र विहादी गाउँपालिकामा तीन वटा योजनामा बजेट विनियोजन भएको कार्यालय प्रमुख किरण पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सङ्घीय सरकारअन्तर्गत फलेबास नगरपालिकामा पाँच, कुश्मामा दुई, माशिलामा तीन, मोदीमा दुई, जलजला र पैंयुमा तीन वटा योजना रहेका छन् । यसबाहेक सङ्घीय शसर्त अनुदानबाट १६ योजना सञ्चालन हुने उहाँले बताउनुभयो।

चालु आर्थिक वर्ष विसं २०८१/८२ मा ७५ योजनाका लागि गण्डकी प्रदेश सरकारबाट रु ११ करोड ४० लाख र १८ योजनाका लागि सङ्घीय सरकारबाट रु एक करोड ५९ लाख बजेट विनियोजन भएको छ।

यसैगरी सङ्घीय शसर्त अनुदानअन्तर्गत १६ योजना पुनःस्थापना गर्न रु ९८ लाख बजेट विनियोजन भएको छ । योसहित चालु आर्थिक वर्षमा रु १३ करोड ९७ लाख बजेट प्राप्त भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो। कार्यालयका अनुसार योजनाको लागतअनुसार बजेट विनियोजन नहुँदा यस वर्ष अधिकांश योजना पूर्ण रूपमा सम्पन्न नहुने भएका छन् । बजेट अद्यावधिक गरी केही थप भएमा निर्माणाधीन अवस्थामा रहेका १२ योजना चालु आवमा सम्पन्न हुने कार्यालय प्रमुख पौडेलले बताउनुभयो । गत आवभन्दा रु छ करोड बजेट घटेर आएकाले पनि सबै योजना निर्धारित समयमा सम्पन्न हुन नसक्ने उहाँको भनाइ छ । "योजना बढी छन्, बजेट सीमित छ। त्यसैले अन्तिम चरणमा रहेका योजनालाई पूर्णता दिनेगरी काम गरिरहेका छौँ", कार्यालय प्रमुख पौडेलले भन्नुभयो।

प्रत्येक योजनामा न्यूनतम रु पाँच लाखदेखि बढीमा रु ६४ लाखसम्म बजेट विनियोजन भएको छ। जिल्लाका सबै परिवारमा खानेपानीको पहुँच पुर्‍याउने सरकारको योजनाअनुसार चालु आवमा बजेट विनियोजन भएका सबै योजना कार्यान्वयनमा गइसकेका कार्यालयले जानकारी दिएको छ । पर्वतमा अन्य संस्थागतबाहेक खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमार्फत हालसम्म १६ हजारभन्दा बढी परिवारमा 'एक घर, एक धारा' विस्तार गरिएको छ। चालु आवमा सञ्चालित योजनाहरूले पूर्णता पाएमा दुई हजारभन्दा बढी घरमा 'एक घर एक धारा' विस्तार गर्न सकिने कार्यालयले जनाएको छ ।जिल्लाको सदरमुकाम कुश्माबजार, फलेबास, वारीबेनी, पातीचौर, डिमुवा, कार्किनेटा, हुवास, त्रिवेणीलगायत बजार क्षेत्रमा व्यवस्थित रूपमा खानेपानीको वितरण भए पनि केही ग्रामीण बस्ती भने असुरक्षित पानी उपभोग गर्न बाध्य छन् । एकीकृत रूपमा योजना सङ्कलन नगरी माथिल्लो निकायबाट बजेट विनियोजन हुँदा कार्यान्वयमा समस्या पर्ने गरेको प्रमुख पौडेलले बताउनुभयो । पर्वत र बागलुङ गरी दुई जिल्ला कार्यक्षेत्र रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा जनशक्तिको अभाव रहेको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो । चार प्राविधिकको दरबन्दी रहेको कार्यालयमा एक जनाको मात्र पदपूर्ति हुँदा समयमा योजनाको सर्भेक्षण, लगत अनुमान तयार तथा योजना कार्यान्वयन र फछ्र्योटमा समस्या पर्दै आएको उहाँले गुनासो गर्नुभयो।

# दूध बेचेर वार्षिक ३० लाख आम्दानी

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ मंसिर

बागलुङ नगरपालिका-१४ नेपानेका ४५ वर्षीय कुमार बस्नेतले व्यावसायिक रूपमा गाईभैंसी पाल्न थाल्नुभएको १२ वर्ष पुगेको छ। अहिले उहाँले दूध बिक्री गरेर वार्षिक रु ३० लाख आम्दानी गर्दै आउनुभएको हो।

दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गरेर अगुवा कृषकका रूपमा बस्नेत चिनिनुहुन्छ । विसं २०६९ मा तीन वटा भैंसीबाट 'बस्नेत पशुपालन फार्म' सञ्चालन गर्नुभएका उहाँको पलार्ममा अहिले विभिन्न प्रजातिका ११ वटा भैंसी र नौ वटा गाई छन् । छ वर्ष साउदी अरब, ११ महिना सिङ्गापुर बसरे फर्किनुभएका बस्नेतले तीन वर्ष बागलुङ बजारमा व्यवसाय सञ्चालन गर्नुभएको थियो । व्यापारमा मुनाफा नभएपछि पसल बेचेर पुनःविदेश जाने सोचमा जापान योजना बनाउनुभएको थियो । जापान जाने योजनाले पूर्णता नपाएपछि बेचिसकेको पसल पुनः गर्नुभन्दा व्यावसायिक रूपमा गाईभैंसी पाल्ने योजना बनाएर गाउँ फर्किएपछि उहाँलाई कहिल्यै पछुताउनु परेको छैन । बस्नेतलाई उहाँकी श्रीमती अप्सराको दरिलो साथ छ। बीस वटा गाईभैंसी, उनीहरूको हेरचाह र सम्पूर्ण व्यवस्थापनको काम बस्नेत दम्पतीले मिलेर गर्ने गर्नुभएको छ।

दैनिक एक सयदेखि एक सय २० लिटरसम्म दूध उत्पादन गर्दै आउनुभएका बस्नेतले मासिक रु दुई लाख ५० हजारभन्दा बढी आम्दानी हुने गरेको बताउनुभयो। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङको सहयोगमा पोखरा गएर एक हप्ताको तालिमसमेत लिनुभएका उहाँले बिक्री भएर बाँकी रहेको दूधबाट खुवा र पनिर बनाएर बच्ने गरेको जानकारी दिनुभयो।

बस्नेतले उत्पादन गरेको दूध नजिकैको नारायणस्थान बजारमा बेच्ने गरेको बताउँदै बजारीकरणको समस्या नरहेको उल्लेख गर्नुभयो । चैत-वैशाखमा एक सय २० लिटरभन्दा बढी र असार साउनमा ७० लिटरसम्म दूध गाउँमा बिक्री हुने गरेको उहाँको भनाइ छ। गाउँमा बिक्री भएर रहेको दूध कहिले स्थानीय डेरीलाई बेच्ने, कहिले पर्वतको कुश्मा बजार र बागलुङ बजारमा पठाउने गरेको उहाँले जानकारी दिनुभयो।

दूध बिक्री नहुँदा, बर्खाको समयमा सडकका कारण ढुवानीमा समस्या हुँदा, पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा सयौं लिटर दूध बिग्रिएर जाने गरेको भए पनि पछिल्लो समय प्राक्टिकल एक्सन नेपालको सहयोगमा डिसिआर डिसी बागलुङले अनुदानमा प्रदान गरेको 'डिप फ्रिज'ले राहत पुगेको बस्नेतले बताउनुभयो । बैंकबाट कृषि कर्जा लिएको भन्दै जानकारी नभई घटबढ हुने व्यजदरले भने सास्ती दिएको उहाँको भनाइ छ।

भेटेरिनरी अस्पताल, पशुपालक कृषकसँग काम गर्दै आउनुभएका सामुदायिक स्रोत विकास केन्द्र (डिसिआरडिसी) र साना किसान सहकारी सङ्घसंस्थाबाट प्राप्त प्रोत्साहनले पशुपालनमा लाग्न सहज वातावरण बनाएको बस्नेतले प्रतिक्रिया दिनुभयो। गाईभैंसीलाई खुवाउने घाँस उत्पादन गर्न फार्मको वरिपरी ४० रोपनी जमिन भाडामा लिएर एक सय ५० केजी सुडान छरेको उहाँको भनाइ छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङबाट प्राविधिक सहयोग, औषधि उपचार र खोपसँगै अनुदान पाएको बताउँदै बस्नेतले लम्पीस्किन रोगले भने तीन वटा गाई र एउटा भैंसी मरेको जानकारी दिनुभयो। उहाँका अनुसार व्यवसाय विस्तारका क्रममा फार्ममा रु ३० लाखभन्दा बढी लगानी पुगिसकेको छ।

भारतको विहारबाट रु एक लाख ३० हजार तिरेर भैंसी ल्याएको जनाउँदै बस्नेतले ती भैंसीले एक छाकमा १० लिटरभन्दा बढी दूध दिने उल्लेख गर्नुभयो । समग्रमा वार्षिक रूपमा रु ३० लाखभन्दा बढी आम्दानी हुने बताउँदै उहाँले स्थानीय सरकारले बजार व्यवस्थापनमा सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

# अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्न आग्रह

**रासस**
काठमाडौं, १८ मंसिर

राष्ट्रिय मानवअधिकार आयोगले नीति, योजना, कार्यक्रम र बजेटमा अपाङ्गता भएका व्यक्तिहरूका सवाललाई प्राथमिकता दिन तीनै तहका सरकारलाई आग्रह गरेको छ।

डिसेम्बर ३ अर्थात् अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको अवसरमा आज आयोगको प्रवक्ता डा टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रभावकारी कदम चाल्न र सङ्घ, प्रदेश तथा स्थानीय तहलाई सो आग्रह गरिएको छ। "अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण र सम्वर्द्धनका लागि निरन्तर कार्य गर्दै आइरहेको छ, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा ऐन कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन अपेक्षाकृत रूपमा हुन सकेको देखिँदैन", विज्ञप्तिमा भनिएको छ, "अपाङ्गता भएका व्यक्तिहरूलाई घर, परिवार र समाजले हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तनको आवश्यकता रहेको छ । आयोगले गरेको अनुगमनको क्रममा पूर्वजन्मको पाप भनी अपाङ्ता भएका व्यक्तिलाई वर्षौंदेखि खोरभित्र पशुसरह बाँधेर राख्ने गरिएको पाइएको छ।

साथै, आयोगले यस दिवसको अवसरमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनसमेत सार्वजनिक गरेको छ। नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्ष राष्ट्र बनेको छ । महासन्धिमा भएका व्यवस्थाका साथै नेपालको संविधान, आपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, नियमावली २०७७ तथा अन्य कानुन र नीतिले गरेका व्यवस्थाहरूको कार्यान्वयनको सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ । आयोगले महासन्धि र घरेलु कानुनमा भएका व्यवस्थाबमोजिम राज्यले केही कार्य गरे पनि त्यस्ता कार्यहरू प्रभावकारी हुन नसकेको हुँदा अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रभावकारी रूपमा सुनिश्चित हुन नसकेको आयोगको अनुगमनबाट पाइएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्म : २००५/१२/०३ गते



स्वर्गारोहण : २०८१/०८/०७ गते

**स्व. चिनीमाया लिगल**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य **चिनीमाया लिगल**को ७६ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सिमा कोइराला**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**
**पोखरा**

# अदम्य हिम्मतले उठेकी जमुना

**कमल खत्री**
म्याग्दी, १८ मंसिर/रासस

सङ्घर्षबाट सफलता मिल्छ भन्ने जीवन्त उदाहरण बन्नुभएको छ, ४४ वर्षीया जमुना आचार्य । पर्वतको जलजला गाउँपालिका–७ धाइरिङ मिलनचोकमा जन्मिएकी उहाँलाई हुर्काउने र चिनाउने कर्मभूमि भने म्याग्दी हो । सुन्दा अचम्म लाग्न सक्छ, आचार्यका शरीरका केही अङ्ग कृत्रिम र अपूरा छन्, तर उहाँले पारिवारिक जिम्मेवारी र सामाजिक क्षेत्रमा गरेका योगदान प्रेरणादायी र प्रशंसनीय छन् । तीन वर्षको उमेरमा हात मर्किएर समयमै उचित उपचार नपाएर बायाँ हात गुमाएपछि आचार्य शारीरिक अपाङ्गता हुनुभएको थियो ।

क्यान्सर भएपछि गुमेको आचार्यको हातलाई सेती नदीमा बगाइएको थियो । विभिन्न समयमा शारीरिक रोग समस्याले शल्यक्रियामार्फत उपचार गराउनुभएकी आचार्यको कानको पछाडिपट्टि तीनवटा कृत्रिम हड्डी राखिएका छन् । हुर्कन नपाउँदै हात गुमाएकी आचार्यले जिन्दगीमा धेरै कुरा गुमाउनुपर्‍यो तर आफ्नै आँट, साहस र हिम्मतले उहाँ आफू आत्मनिर्भरमात्र बन्नुभएन, परिवारकै बलियो खम्बा र समाजका लागि प्रेरणा र नमूना बन्न सफल हुनुभएको छ । आमा चन्द्रवती र बुवा छवानन्द आचार्यका सात बहिनीमध्ये जेठी छोरी जमुनाको जीवनका उतारचढाव गरिबी, अभाव र समस्याका भारी बोकेका सङ्घर्षशील व्यक्तिका लागि प्रेरणा बन्ने गरेका छन् । हात गुमाएकी आचार्यले घरदेखि स्कुल टाढा भएकाले आधारभूत तहको अध्ययन गर्न पनि मुस्किल परेको थियो । अपाङ्गता भएकी आचार्यलाई स्कुल ल्याउन लैजान सहज नभएपछि आठ वर्षको उमेरदेखि मात्र उहाँले विद्यालयमा पठनपाठनका लागि पाइला टेक्नुभएको थियो । तत्कालीन फर्से धाइरिङ प्राविमा आधार भूत तह र बेनीस्थित प्रकाश माविबाट एसएलसी उत्तीर्ण गर्नुभएकी आचार्यले म्याग्दी बहुमुखी क्याम्पसबाट 'बिएड' र पृथ्वीनारायण क्याम्पसबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । विपन्न परिवारकी जेठी छोरी जमुनालाई शारीरिक अपाङ्गता भए पनि घरको आर्थिक अवस्था कमजोर रहेकाले आफ्नो खुट्टामा आफैँ उभिनुपर्ने दबाब थियो । अध्ययन गर्दैगर्दा २०५७ सालदेखि गैरसरकारी संस्था सिबिआर बागलुङबाट अपाङ्गता भएका बालबालिकाको शैक्षिक कार्यक्रमबाट आचार्यले जागिर गरेर जीविकोपार्जनको आधार खोज्न सुरु गर्नुभएको थियो । आचार्य परिवारमा बुबा दमको रोगी भएकाले आमाले तरकारीखेती गरेर जेनतेन पालनपोषण र शिक्षादीक्षा गर्दै आउनुभएको थियो । "घरको आर्थिक अवस्था अति नै कमजोर थियो, आम्दानीको कुनै स्रोत थिएन, आमाले खेतबारीमा तरकारी रोपेर बेनीका घरघरमा पुर्‍याएर बिक्री गरी घरखर्च चलाउनुहुन्थ्यो, आमाको कमाइ घरपरिवारका लागि पर्याप्त थिएन, सरसापट पत्याउने समुदाय थिएन", आचार्य विगतलाई सम्झँदै भन्नुहुन्छ । समस्यासँग जुध्दै, अभावसँग खेल्दै आचार्य परिवारको सङ्घर्ष चलिरहेकै थियो, त्यसैमा २०६० सालमा आमा र एक बहिनीलाई खोलाले बगायो । आचार्य परिवारमा शोक, भोक र विपत्ति एकैसाथ सामना गर्नुपर्ने विडम्बना आयो ।

दुई आमाबाट दुई भाइ, आठ बहिनीसहित १० सन्तानमध्ये जेठी छोरी भएकाले आचार्यलाई घरपरिवारको जिम्मेवारीको भारी बोक्नुपर्ने बाध्यता आयो । जान्ने नहुँदै हात गुमाएकी जमुनाले आफू परिपक्व नहुँदै आमा र बहिनी गुमाउनुपर्‍यो । आमा गुमाउँदा अभिभावकत्व मात्र गुमेन, परिवारको आम्दानीको स्रोत पनि गुम्यो । बिरामी बुबाको हेरचाह र भाइबहिनीको पढाइलेखाइ र हुकाइको जिम्मेवारीको भारी जमुनाले नै बोक्नुपर्ने भयो । 'दुःखमा नआत्तिनु, सुखमा नमात्तिनु' भन्ने कथनमा जस्तै जमुनाले आफ्नो जीवनलाई सङ्घर्षमय बनाएकै कारण आज समाजमा अग्रणी नारीको चिनारी बनाउन सफल हुनुभएको छ । गैरसरकारी सङ्घसंस्थामा नेतृत्वदायी भूमिकामा रहेर काम गर्नुभएकी आचार्यले जीवन बीमा कम्पनीमा अभिकर्ताको भूमिकाबाट शाखा र क्षेत्रीय कार्यालयको समेत नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ । अपाङ्गता भएर पनि आफ्नो सङ्घर्षबाट आफ्नो खुट्टामा उभिनुभएकी आचार्यले घरपरिवारको घरखर्च आफैँ जुटाएर समाजमा सकारात्मक सन्देश दिनुभएको छ । "मेरो एक हात नभएपछि धेरैले दयाभावले हेर्ने गर्थे, परिस्थितिले पनि हामीलाई अति नै थिचेको थियो, यति ठूलो परिवारको खर्च जुटाउने कुनै आधार थिएन, अन्तमा मैरै सङ्घर्षले परिवारको भरथेग गर्न सकेँ", उहाँले भन्नुभयो ।

जीवनभर आफू बाँच्ने र परिवार पाल्ने सङ्घर्षमा समर्पित गर्नुभएकी आचार्य आत्मबल र समाजको प्रेरणा जीवनको असल मार्गदर्शन बन्ने गरेको अनुभूति सुनाउनुहुन्छ । बायाँ हात नभए पनि आचार्य खेत रोप्ने, घाँस काट्नेगायत घरायसी काम गर्न सक्नुहुन्छ । सामाजिक क्षेत्रमा उहाँ अन्य साधारण व्यक्तिभन्दा बढी सक्रिय हुनुहुन्छ । मिठो बोली, सरल व्यवहार र आँटिलो स्वभाव उहाँका विशेषता हुन् । "जीवनमा धेरै अप्ठेरा आउँदा रहेछन्, त्यसबेला निरास भईदोरहेछ, तर आफूलाई कमजोर बनाउन नहुने रहेछ, आफूभन्दा कमजोरसँग तुलना गर्दै आत्मबल बढाउँदै आफूलाई पुनः लयमा फर्काउन र हिँडाउन सकियो भने जतिसुकै अप्ठ्यारा पनि सजिलै पार गर्न सकिँदो रहेछ, मेरो जीवनको उतारचढावले यही सिकायो", आचार्यले भन्नुभयो ।

उहाँले समाजमा महिलाहरू प्रत्यक्ष रोजगारमा कम आबद्ध हुने भएकाले पनि लैङ्गिक र घरेलु हिंसाजन्य घटना बढ्ने भएकाले आफ्नो खर्च आफैँ जुटाउने बाटोमा सक्रिय बन्न आवश्यक रहेको बताउनुहुन्छ । फजुल खर्च कम गर्ने, अप्ठेरा समस्या र जीवनमा समयको व्यवस्थापन गर्न सकियो भने हरेक व्यक्ति आत्मनिर्भर बन्न कसैले रोक्न नसक्ने उहाँको ठम्याइ छ । समाजमा फरक क्षमता भएका व्यक्तिलाई परिवार, समाज, संस्थामा व्यक्तिको अवस्थाअनुसारको व्यवस्था मिलाइदिन सकेमा अपाङ्गता भएका व्यक्तिले पनि साङ्ग व्यक्तिसरह कार्यसम्पादन गर्न सक्ने आचार्य बताउनुहुन्छ । अपाङ्गता भएकी आचार्य आत्मनिर्भर बनेर परिवारको आर्थिक स्रोत जुटाउने काम मात्र गर्नुभएन, समाजमा महिलालाई आर्थिक सशक्तीकरणमा सङ्गठित गर्ने अभियन्तासमेत हुनुहुन्छ । म्याग्दी सदरमुकाम बेनीमा महिलाहरूको मात्र लगानी र व्यवस्थापनमा सञ्चालन हुनेगरी दिदीबहिनी सहकारी स्थापना गर्न आचार्यले नेतृत्वदायी भूमिका खेल्नुभएको थियो । सहकारीको अध्यक्ष हुँदा आचार्यले मुठ्ठीदान अभियान सञ्चालन गरेर गरिब, विपन्न र अशक्त व्यक्तिलाई सहकारीमार्फत सहयोग गर्ने परोपकारी अभियान सुरुआत गर्नुभएको थियो । दिदीबहिनी सहकारीले अहिले पनि मुठ्ठीदान अभियानलाई निरन्तरता दिएको छ ।

अपाङ्गतालाई दयाको भावले हेर्नुभन्दा अवसर र भूमिकामा प्राथमिकता दिन सकेमा अपाङ्गता भएका व्यक्तिहरूले पनि साङ्गसरह नै काम गर्न सक्छन् भन्ने सन्देश आचार्यले दिनुभएको छ । उहाँ अहिले महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि सामाजिक अभियन्ताका रूपमा सक्रिय हुनुहुन्छ । लामो समय गैरसरकारी संस्था र जीवन बीमा कम्पनीको जागिरे जीवनबाट विश्राम लिनुभएकी आचार्य यतिबेला जन्मथलोमा अर्ग्यानिक कृषि उत्पादन अभियानमा लाग्नुभएको छ ।

# तनहुँमा विद्युत् वितरण प्रणालीमा सुधार गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, १८ मंसिर

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले वितरण प्रणाली सुधार र विद्युतीकरणलाई प्राथमिकतामा राखेको छ । कार्यालयले विभिन्न ठाउँमा वितरण प्रणाली सुधार गर्दै विद्युतीकरण भइरहेको जनाएको छ ।

सुदृढीकरण तथा क्षमता वृद्धिअन्तर्गत आँबुखैरेनी सबस्टेसनमा पाँच र आठ एमभिए ट्रान्सफर्मर रहेकामा ती एमभिएलाई वृद्धि गरी आठ र १६ दशमलव छ जडान गरिएको केन्द्रका प्रमुख विजयराज रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास नगरपालिका–६ शिशाघाट क्षेत्रमा सात सय र अन्य स्थानमा दुई सय ५० गरी नौ सय ५० काठका खम्बा परिवर्तन गरिएको छ । अन्य स्थानमा रहेका सिमेन्ट तथा फलामका एक सय ५५ खम्बा पनि फेरिएको रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका म्यादे गाउँपालिकाको फलामडाँडा, गाउस्वाँरा, देउराली, अर्घलिटार, आँबुखैरेनीको सत्रसय, थुम्का, दुईपिप्ले, वाल्लेफाँट, व्यासको शिशाघाट, शेरा, घाँसीकुवा, आँबुलगायत विभिन्न स्थानमा दुई सय र तीन केभिए ट्रान्सफर्मर जडान गरिएको छ । कार्यालयलाई वितरण प्रणाली सुधारका लागि रु तीन करोड बजेट प्राप्त भएकामा उक्त बजेटबाट दमौली भोर्लेटारचोकबाट बेलबाससम्म नाङ्गोतार हटाउने 'साइज अपग्रेड' गरी एबिसी केबल राखिएको रेग्मीले बताउनुभयो । उहाँका अनुसार डुम्रेबाट साजबोटेसम्म नाङ्गोतार हटाएर छ किलोमिटरसम्म 'कभर कन्डक्टर' तानिएको छ ।

ग्रामीण विद्युतीकरणअन्तर्गत देवघाट गाउँपालिकाका सार्वाङ्ग, काफलडाँडामा ११ मिटरका एक सय स्टिलका खम्बा तथा आठ र नौ मिटरका पाँच सय स्टिलका खम्बा राखिएको छ । रेग्मीका अनुसार सोही गाउँपालिकाको बगन्दी, जामुनेमा, बिमिस्वारा, घण्टाचुली, बाटकमा ११ मिटरका एक सय तथा आठ र नौ मिटरका एक हजार ५० थान स्टिलका खम्बा राखिएका छन् ।

विद्युत् प्राधिकरणको रु ८० लाख र सङ्घीय सरकारबाट प्राप्त रु ८० लाखको लागतमा जिल्लामा यसअघि छुटपुट भएका केही स्थानमा विद्युतीकरणको काम सम्पन्न गरिएको रेग्मीले जानकारी दिनुभयो । म्याग्दे गाउँपालिका–६ कुसुन्डे, बन्दीपुर गाउँपालिका–५ सत्रसय थुम्का, म्याग्दे–३ गाउस्वाँरा, बन्दीपुर–५ फलामडाँडा, भानु नगरपालिका–७ देउरालीटारमा लाइन विस्तार तथा ट्रान्सफर्मर जडान गरिएको उहाँले बताउनुभयो । यसैगरी व्यास–११ घाँसीकुवा र शेरामा दुई वटा ट्रान्सफर्मर थप, व्यास–१२ छिर्कने तल्लो बजारमा ट्रान्सफर्मर थप, व्यास–१० शेरा, बिपीभञ्ज्याङ, मङ्गलीगैरामा भोल्टेज सुधार, व्यास–१ गल्वुबेँसी, चारकुने, तालघरे, डाँडाटोल, रतौली, भादगाउँमा लाइन विस्तार तथा भोल्टेज सुधार र व्यास–७ शेरामा ट्रान्सफर्मर थप गरिएको रेग्मीले बताउनुभयो । देवघाट गाउँपालिकाका केही ठाउँ र साविक शिशाघाट सामुदायिक क्षेत्रमा छुटपुट विद्युतीकरणका लागि बजेट अपुग भएकाले तत्काल काम गर्न नसकिएको उहाँको भनाइ छ ।

वितरण केन्द्रको कार्यक्षेत्र तनहुँसहित कास्की र लमजुङ जिल्ला पर्दछ । केन्द्रको कार्यक्षेत्रमा व्यास नगरपालिकाका सबै वडा, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका सबै वडा, भानु नगरपालिका–९, १०, ११ बाहेक सबै वडा, देवघाट गाउँपालिका–१, २, ३, ४ र ५, ऋषिङ गाउँपालिकाका सबै वडा, म्यादे गाउँपालिकाका सबै वडा, लमजुङको मध्यनेपाल नगरपालिका–१, २, ३, ४, ५ र कास्कीको रुपा गाउँपालिका–३ र ४ पर्दछन् ।

कार्यालयले मुख्य कार्यालयसहित १३ उप–वितरण तथा सेवा केन्द्रबाट सेवा प्रवाह गरिरहेको छ । केन्द्रका अनुसार तनहुँ वितरण केन्द्र चापाघाट कार्यालय तथा काउण्टर, डुम्रे उपवितरण केन्द्र, आँबु उपवितरण केन्द्र, दुईपिप्ले पिप्ले नोलाइट, थर्पु नोलाइट, बन्दीपुर, ऋषिङ, केशवटार, नारेश्वरटार, पुर्कोट, बसन्तपुर, सेपाबगैँचा, चन्द्रावती, पोखरीछाप नोलाइट तथा फ्युज सेवा केन्द्रबाट सेवा प्रवाह भइरहेको छ ।


## वालिङ नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### वालिङ, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

**कम्प्यूटर, ल्यापटप, स्क्यानर र प्रिन्टर खरिद कार्यको लागि दरभाउत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/१९ गते**

नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा अति आवश्यक तपसिलमा उल्लेखित कम्प्यूटर, ल्यापटप, स्क्यानर र प्रिन्टर खरिद गरी कार्यालय संचालन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त सप्लायर्स/बिक्रेता फर्म/व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरुबाट चालु आर्थिक वर्ष २०८१/२०८० को लागि मान्य हुने इजाजत पत्र, स्थायी लेखा नम्बर मु.क.कर दार्ता प्रमाण पत्र (भ्याट) साथै आ.व. २०८०/२०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाण पत्रको प्रतिलिपिको साथ तल उल्लेखित यस कार्यालयको राजश्व खाता नं. ०८३०३००००१००१००००००१ को Office Account No. sutrarevenue.fcgo.gov.np मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्धारा मात्र दरभाउपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।
२. दरभाउपत्र सम्बन्धी कागजात दाखिला गर्दा दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजीकका कुराहरु खुलेको प्रमाण पत्र दरभाउपत्र साथ अनिर्वायरुपमा पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने दरभाउपत्र दाताहरुको दरभाउपत्र स्वीकृत गरिने छैन् ।
४. दरभाउपत्र फाराम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । साथे केरमेट भएको ठाउमा सही छाप हुनुपर्नेछ
५. दरभाउपत्र जमानत रकम यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड शाखा, वालिङमा रहेको धरौटी खाता नं. ०८३०३००००३०००००००१ मा नगद जम्मा गरेको बैक भौचर वा वाणिन्य बैक वा वित्तिय संस्थाहरुबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिनको म्याद भएको जमानत (Bid Security) समावेश भएको हुनुपर्नेछ । अन्यथा दरभाउपत्र अयोग्य मानिनेछ ।
६. दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथ अन्य ब्यहोरा प्रस्ट रुपमा पढेर सहिछाप गर्नु पर्नेछ । दरभाउपत्र जुन फर्मको नामबाट खरिद गरिएको हो सोही फर्मबाट दर्ता गराउनु पर्ने छ । दरभाउपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ ।
७. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
८. दरभाउपत्र फाराम र यस कार्यालयको सूचनामा लेखिएको कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
९. दरभाउपत्र फारम खरिद/दर्ता गर्ने समय-

| | | |
|---|---|---|
| दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति- २०८१/९/४ र समय- १२.०० बजेभित्र | दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम मिति- २०८१/९/४ र समय- १२.०० बजेभित्र | दरभाउपत्र फाराम खोल्ले मिति- २०८१/९/४ र समय- २.०० बजे । |

१०. खरिद सामानहरुको विवरणहरु-

| सि.नं. | दरभाउपत्र ठेक्का नं. | खरिद गरिने सामानहरुको विवरण | लागत अनुमान भ्याट समेत रु. | जमानत रकम रु. | दरभाउपत्र फाराम खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८१/२०८२ | कम्प्यूटर-Desktop -२ वटा<br>ल्यापटप-Laptop -८ वटा<br>स्क्यानर-Scanners -३ वटा<br>प्रिन्टर-Printer - ३ वटा-2900 मोडल | ७९७७८०.०० | २१९३९.०० | १०००.०० |


# यु–१९ एसिया कपमा नेपालद्वारा अफगानिस्तान पराजित

**रासस**
काठमाडौं, १८ मंसिर

संयुक्त अरब इमिरेट्स (युएई) मा जारी उन्नाइस वर्षमुनिको एसिया कप क्रिकेट प्रतियोगिताको अन्तिम खेलमा नेपालले अफगानिस्तानलाई एक विकेटले पराजित गरेको छ ।

दुबईको शारजाह क्रिकेट मैदानमा टस जितेर अफगानिस्तानले पहिला ब्याटिङ गर्दै ३५ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय २३ रन बनायो । एक सय २४ रनको लक्ष्य नेपालले ४१ दशमलव तीन ओभरमा नौ विकेट गुमाएर पुरा गर्‍यो । नेपालका लागि नरेन साउदले सर्वाधिक २६, कप्तान हेमन्त धामीले २२, अर्जुन कुमालले २१, अभिषेक तिवारीले १३, आकाश त्रिपाठी र रोशन विश्वकर्माले समान नौ/नौ तथा सन्तोष यादवले सात रन बनाए । नेपालले १२ अतिरिक्त रन प्राप्त गर्‍यो । बलिङतर्फ अफगानिस्तानका एएम गजानफर र खातिर स्टानिकजाईले तीन/तीन तथा अब्दुल अजिज र महबूब खानले एक/एक विकेट लिए । यसअघि अफगानिस्तानका लागि एक सय २३ रन बनाउने क्रममा फैसल खानले सर्वाधिक ५२ रन जोडे । उनले ६७ बलमा चार चौका र दुई छक्का प्रहार गरे । खातीर खानले २६ बलमा १५ रन जोडे । अल्लाह गजानफरले ११ तथा नासिर खानले १० रन बनाए । बलिङतर्फ नेपालका लागि युनिशविक्रम सिंह ठकुरी र सन्तोष यादवले तीन तीन तथा हेमन्त धामी र अभिषेक तिवारीले दुई दुई विकेट लिए । यसअघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रन र दोस्रो खेलमा बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको थियो । अफगानिस्तान यसअघि पहिलो खेलमा बङ्गलादेशसँग ४५ रन र दोस्रो खेलमा श्रीलङ्कासँग एक सय ३१ रनले पराजित भएको थियो । दुवै टोली एसिया कपबाट बाहिरिएका छन् ।

# पोखरा एकेडेमीमा स्पोर्ट्स मिट शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १८ मंसिर

पोखरा महानगरपालिका वडा नं १६ मा रहेको पोखरा एकेडेमी स्कुलमा स्पोर्ट्स मिट शुरु भएको छ ।

शुक्रबारसम्म संचालन हुने खेलकुद कार्यक्रममा जुनियर तर्फका विद्यार्थीले सहभागिता जनाएको विद्यालयका जुनियर सेक्सनका प्रमुख मोहन वहादुर थापाले जानकारी दिनुभयो। कक्षा नर्सरी देखी ३ सम्मका विद्यार्थी सहभागी कार्यक्रममा कुर्ची दौड, स्वीट रेस, डोरी तान्ने, चम्चा दौड लगायतका विद्यार्थी केन्द्रित प्रतियोगिता हुने बताईएको छ। यसअघि कार्यक्रमको उद्घाटन गर्दै विद्यालयका बोर्ड सदस्य दुर्गालाल श्रेष्ठले जिवनपयोगी शिक्षासँगै अतिरिक्त क्रियाकलापले विद्यार्थीको शारीरिक तथा मानसिक विकास हुने बताउनुभयो।

अतिरिक्त क्रियाकलाप विभाग प्रमुख विमल पौडेलको अध्यक्षता भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसन्त तिमिल्सिना, सह प्राचार्य तीर्थ तामाङ, प्रशासन प्रमुख भुवन बस्नेत, शिक्षिका चन्द्रा गौतम थापा लगायतले विद्यालयका गतिविधिका बारेमा चर्चा गरेका थिए। कार्यक्रमको सञ्चालन शिक्षिका निकिता थापाले गर्नु भएको थियो।